➲ सुविधाको उपभोग गर्न पाउने अधिकार
➲ स्वनिर्णय गर्न पाउने अधिकार आदि

### ङ) साँस्कृतिक अधिकार

➲ आफ्नो परम्परा अनुसार संस्कृतिमा भाग लिन पाउने अधिकार
➲ कलाको आनन्द लिने र ज्ञान विज्ञान क्षेत्रका प्रगतिको फाइदा लिन पाउने अधिकार
➲ शिक्षाको अधिकार
➲ अल्पसंख्यकको भाषा संस्कृति संरक्षण गर्न पाउने अधिकार
➲ प्रत्येक व्यक्तिलाई उसले रचना गरेको वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार आदि

### मानवअधिकारका आधारभूत पक्षहरु

४ एक्यू (4AQ)

➲ अधिकार परिपूर्तिका लागि आवश्यक सेवा तथा सामाग्रीहरु उपलब्ध (Available) छ कि छैन।
➲ उपलब्ध भए भौतिक तथा आर्थिक रुपले पहुँचयोग्य (Accessible) छ कि छैन।
➲ उपलब्ध सेवा मानिसलाई स्वीकार्य (Acceptable) छ कि छैन,
➲ उपलब्ध सेवा वा वस्तु समयसापेक्ष नयाँ कुरालाई समायोजन गर्न सक्ने खालको (Adaptable) छ कि छैन र
➲ सो सेवा वा वस्तु गुणस्तरीय (Quality) छ कि छैन भनेर हेरिनुपर्दछ।

***नोट*** *: हरेक वस्तु वा सेवाको सम्बन्धमा ४ एक्यूको अर्थ एउटै र समान रुपले सान्दर्भिक नहुन पनि सक्तछ । जस्तै शिक्षाले समाजको आवश्यकता अनुसार नयाँ नयाँ विषय समावेश गरी परिमार्जन भइरहनु पर्दछ तर खाद्य अधिकारमा समायोजन हुन सक्ने खालको (Adaptable) हुनुको कुनै अर्थ नहुन सक्दछ ।*

## अधिकार र कर्तव्य

### कसको अधिकार ?

मानवअधिकार भनेको सामान्यतया प्रत्येक व्यक्तिको अधिकार हो तापनि कतिपय अवस्थामा सबै अधिकार सबैको नहुन पनि सक्दछ। जस्तोः भोट हाल्ने अधिकार बालक एवम् गैर नागरिकलाई प्रदान गरिदैन। त्यस्तै आर्थिक अधिकार पनि कति हदसम्म गैर नागरिकलाई प्रदान गर्ने भन्ने कुरा राज्यले निर्धारण गरे बमोजिम मात्र हुन्छ। त्यसैगरी कतिपय सामाजिक तथा सास्कृतिक अधिकारहरु एउटा व्यक्तिको मात्र नभई समुदायको अधिकार हुन सक्दछ। जस्तैः मातृभाषामा प्राथामिक शिक्षा लिन पाउनु हरेक व्यक्तिको अधिकार नभई समुदायको अधिकार हो।

### कसको कर्तव्य ?

➲ कर्तव्य सन्दर्भमा कुनै पनि अधिकार पूरा गर्ने अन्तिम दायित्व भने राज्यमा रहेको हुन्छ। तर राज्यमा त्यो दायित्व आइपुग्नु अघि त्यो व्यक्ति, परिवार वा समुदायको प्राथमिक कर्तव्य हुन सक्तछ। जस्तो बालबालिका विद्यालय नगएर शिक्षा अधिकारको उल्लँघन भएको छ भने मूल रुपमा विद्यालय पठाउने कर्तव्य परिवारको हुन्छ तर विद्यालय नपठाउने परिवारको सदस्यलाई सम्झाई बुझाई गरेर, प्रोत्साहन स्वरुप केही सहयोग गरेर वा कारबाही गरेर भए पनि पठाउन लगाउने र त्यति गर्दा पनि नभए आफैले जिम्मा लिएर सो अधिकार परिपूर्ति गर्ने जिम्मेवारी राज्यको हुन्छ।
➲ राज्यबाट अधिकारको परिपूर्तिका लागि नागरिकको तहबाट पनि कतिपय कर्तव्यहरु पालना गरिएको हुनु आवश्यक हुन्छ। जस्तैः आफ्नो अधिकार प्राप्त गर्नका लागि अरुको अधिकार हनन् नहुने गरी गनुपर्दछ, अन्यथा अधिकार उल्लङ्घनकर्ता आफ्नै तथा अन्य मानिसहरुसमेतको अधिकार पूरा हुन सम्भव हुँदैन। त्यसैगरी कुनै अपराधमा दोषीलाई सजाय गर्नको लागि नागरिकको तर्फबाट कुनै सहयोग नभएको खण्डमा अनुसन्धान कार्य नै अघि बढाउन नसकिने हुन्छ। नागरिकहरुले कर नतिरेको खण्डमा कतिपय अधिकारहरु पूरा गर्नको लागि राज्यले सधै अर्काको भर पर्नु पर्ने हुन्छ।

### राज्यको दायित्व

➲ सम्मान गर्ने दायित्वः मानव अधिकारको दस्तावेजहरुमा प्रतिवद्धता, राष्ट्रिय कानुनहरु निर्माण, कार्यक्रम र संयन्त्र निर्माण गरेर।
➲ संरक्षण गर्ने दायित्व : अन्तर्राष्ट्रिय प्रतिवद्धता, कार्यान्वयन र सम्वर्द्धन गरेर।
➲ परिपुर्ति गर्ने दायित्व : पीडकलाई कानुनी कारवाही, पीडितलाई न्याय, क्षतिपुर्ति दिलाउने, दावीको अवसर सृजना गर्ने।

### मानव अधिकार शब्दावली

➲ मानवअधिकार हनन : राज्यपक्षद्धारा गरिने अमानवीय कार्य।
➲ ज्यादती: विद्रोही पक्षवाट गरिने अमानविय कार्य।
➲ मानवअधिकारको ठाडो उल्लंघनः मानव प्राणीमात्रको शारीरिक अस्मिता र जीवनको अधिकारसँग सम्बन्धित मानव अधिकारको अति गम्भिर उल्लंघन।
➲ दण्डहीनताः मानव अधिकार उल्लंघन कर्तालाई दण्डसजायबाट छुट हुने अवस्था।
➲ उल्लंघन : कानुन वा अधिकार वा अवज्ञा वा भङ्ग गरिनु।
➲ हिंसा : दवाव दिनका लागि शक्तिको प्रयोग र प्रदर्शन।

### मानव अधिकारको पुस्ता

➲ पहिलो पुस्ता : नागरीक तथा राजनैतिक अधिकारको खोजी
➲ दोश्रो पुस्ता : आर्थिक सामाजिक र साँस्कृतिक अधिकारको खोजि
➲ तेस्रो पुस्ता : विकासको अधिकारको खोजि
➲ चौथो पुस्ता : वातावरणीय तथा प्राणीको अधिकारको खोजी

# आधारभूत मानवअधिकार हामी सबैको सरोकार




इन्द्रेणी समाज केन्द्र, नेपाल
मानव अधिकार प्रवर्द्धन परियोजना
फोन: ०७५-५२००९१
वेव-साईट: www.isknepal.org.np
ई-मेल: iskpalpa@yahoo.com

# मानवअधिकार

मानवअधिकार शब्दावली मानव र अधिकार दुई शब्दहरु मिलेर बनेको छ। मानिस भएर धर्तिमा जन्म लिएपछि नमरुन्जेलसम्म उसको जिवनयापनका क्रममा पाउनुपर्ने सबै नैसर्गिक अधिकारहरु मानवअधिकार हुन्। मानव अधिकार मानिसले पाउने प्रकृति प्रदत अधिकार पनि हो। मानिस भएका कारणले स्वभाविक रुपमा विना कुनै भेदभाव समान रुपले प्राप्त गर्ने वा हुने अधिकार नै मानवअधिकार हो। मानवअधिकार मानिसको सर्वव्यापी, अहरणीय, अर्न्तनिहित र अभिभाज्य अधिकार हो तसर्थ यो मानव जातिका प्रत्येक सदस्यहरुमा निहित रहन्छ साथै मानव जिवनमा आवश्यक तमाम अधिकारहरु मध्ये पहिलो शर्त वा अधिकारको रुपमा स्थापित छ।

राष्ट्रिय मानवअधिकार आयोगको परिभाषा अनुसार *"मानव अधिकार भन्नाले व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार र नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्बन्धी सम्झौतामा निहित अधिकार सम्झनु पर्दछ।"* भनिएको छ।

सन् १२१५ बेलायतमा जारी भएको महाअधिकारपत्र (म्यागनाकार्टा) ले जनप्रतिनिधित्वविना राजाले एकलौटी रुपमा कर लगाउन नपाउने, कानुनको उचित प्रक्रिया नअपनाई मानिसलाई जथाभावी पक्राउ गर्न नपाउने, पक्राउ भएको व्यक्तिलाई स्वच्छ सुनुवाइको अधिकार हुने जस्ता अधिकारहरुको व्यवस्था र अमेरिकी स्वतन्त्रताको घोषणापत्र (१७७६), पुरुष तथा नागरिकहरुको फ्रान्सेली घोषणापत्र (१७८९) तथा अमेरिकी अधिकारपत्र (१७८९) आदिले स्थापना गरेका समानताको हक, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सम्पत्ति तथा धर्मसम्बन्धी हक, स्वेच्छाचारी थुनाविरुद्धको हक, अन्यायविरुद्ध विद्रोहको अधिकार, दासताविरुद्धको हक आदि आज विश्वव्यापी मानवअधिकारको रुपमा परिणत भएको छ। त्यस्तै गरि मानवअधिकारको विकासमा लिग अफ नेशनस् १९१९ र यसले उत्थान गरेका अल्पसङ्ख्यकका हकहरु तथा दासत्व र दासव्यापारको उन्मूलन सम्बन्धी व्यवस्थाहरु र सन् १९१९ मा स्थापित अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) ले कामदारहरुको विविध अधिकारहरु र अमेरिकी राष्ट्रपति रुजवेल्टले सन् १९४१ मा विश्वका मानिसहरुको लागि चार स्वतन्त्रताहरु हुनुपर्ने तर्क अनुसार मानिस आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार, वाक् तथा अभिव्यक्तिको स्वतन्त्रता, आफूखुशी धार्मिक आस्था राख्न पाउने स्वतन्त्रता, अभाव र डरबाट मुक्ति पाउने स्वतन्त्रता अनिवार्य हुने जस्ता अधिकारहरुले विश्वव्यापीकरण हुदै मानवअधिकारको रुपमा मान्यता पाएका छन्।

संयुक्त राष्ट्रसङ्घको स्थापनासँगै सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरियो। यो घोषणापत्रले मानवअधिकारलाई स्वतन्त्रता, न्याय र विश्वशान्तिको आधारको रुपमा प्रस्तुत गर्‍यो। यसमार्फत मानवअधिकार विश्वव्यापी, अखण्डित र अहस्तान्तरणीय हुने मान्यता स्थापित गरियो र यसलाई कानुनको शासनमार्फत संरक्षण गरिनुपर्ने स्वीकार गरियो। यसै गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धमा दुई अलगअलग सन्धिहरु समेत जारी भई लागू भएछन्।

## मानव अधिकारको विश्वब्यापी घोषणापत्र, १९४८ का मूलभूत धाराहरु

- धारा १ : जन्मजात स्वतन्त्रता, समान प्रतिष्ठा तथा अधिकार
- धारा २ : भेदभाव विरुद्धको अधिकार
- धारा ३ : व्यक्तिगत स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार
- धारा ४ : दासत्व विरुद्धको अधिकार
- धारा ५ : यातना तथा अपमान व्यवहार विरुद्धको अधिकार
- धारा ६ : व्यक्तिको रुपमा मान्ने अधिकार
- धारा ७ : समान संरक्षणको अधिकार
- धारा ८ : कानूनी उपचारको अधिकार
- धारा ९ : देश निकाला, गिरफतार, नजरबन्द विरुद्धको अधिकार
- धारा १० : निष्पक्ष सुनुवाईको अधिकार
- धारा ११ : निर्दोषिताको अधिकार
- धारा १२ : गोपनीयताको अधिकार
- धारा १३ : आवतजावत तथा बसोबासको अधिकार
- धारा १४ : अर्को राष्ट्रमा शरण खोज्ने अधिकार
- धारा १५ : राष्ट्रियताको अधिकार
- धारा १६ : विवाह तथा परिवारको अधिकार
- धारा १७ : सम्पत्ति राख्ने अधिकार
- धारा १८ : धर्म सम्बन्धी अधिकार
- धारा १९ : विचार र अभिव्यक्तीको अधिकार
- धारा २० : शान्तिपुर्ण सभा गर्ने र संस्था खोल्न पाउने अधिकार
- धारा २१ : सरकारमा प्रतिनिधि मार्फत भाग लिन पाउने, जागिरमा समान प्रवेश

## पाउने र मतदानको अधिकार

- धारा २२ : सामाजिक सुरक्षाको अधिकार
- धारा २३ : पेशा चयन, समान पारिश्रमिक, ट्रेड युनियनमा भाग लिन पाउने अधिकार
- धारा २४ : विदा, आराम र विश्रामको अधिकार
- धारा २५ : गास, वास, कपास र सामाजिक सुरक्षाको अधिकार
- धारा २६ : शिक्षाको अधिकार
- धारा २७ : वैज्ञानिक, साहित्यिक र कलाको उपयोग गर्न पाउने अधिकार
- धारा २८ : घोषणापत्रमा गरिएको व्यवस्थाहरु प्राप्त गर्ने अधिकार
- धारा २९ : आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार तथा स्वतन्त्रताको आदर तथा सम्मान गर्ने।
- धारा ३० : घोषणामा उल्लेख गरेको व्यवस्थालाई कुठाराघात गर्ने गरी व्याख्या गर्नु हुँदैन।

## मानवअधिकारका सिद्धान्तहरु

संयुक्त, राष्ट्रसङ्घीय निकायहरुको साझा बुझाईमा उल्लेख गरिए अनुसार तपशिल कुराहरुलाई मानवअधिकारका सिद्धान्तको रुपमा वर्णन गरिएको छ।

- विश्वव्यापकता तथा अहस्तान्तरणीयता (Universality and non Transferability),
- अविभाज्यता (Indivisibility),
- अन्तरनिर्भरता तथा अन्तरसम्बन्धितपना (Interdependence),
- समानता तथा अभेद (Equality and nondiscrimination),
- सहभागिता तथा समावेशीपना (Participation and inclusion),
- जावफदेहिता (Accountability) र
- कानुनको शासन (Rule of law)

### क) नागरिक अधिकार

- बाँच्न पाउने अधिकार
- व्यक्तिगत सुरक्षाको अधिकार
- स्वेच्छाचारी गिरफ्तारीबाट मुक्त रहने अधिकार
- कानूनको अगाडि व्यक्तिगत पहिचानको अधिकार
- समानताको अधिकार
- निष्पक्ष न्याय र सुनुवाईको अधिकार
- मृत्युदण्डबाट मुक्त हुने अधिकार
- दासताबाट मुक्त हुने अधिकार आदि

### ख) राजनीतिक अधिकार

- राजनीतिक जीवनमा सहभागीता विचार र अभिव्यक्ति स्वतन्त्रता
- गोपनीयताको अधिकार
- संघ संगठन खोल्न पाउने अधिकार
- शान्तिपूर्वक सभासम्मेलन गर्न पाउने अधिकार
- विशेष परिस्थितिमा देश भित्र र बाहिर आवतजावत गर्न पाउने अधिकार
- निर्वासितहरुको अधिकार आदि

### ग) आर्थिक अधिकार

- काम पाउने अधिकार
- पेशा छान्न पाउने अधिकार
- काम गर्न उचित वातावरण पाउने अधिकार
- उचित ज्याला पाउने अघिकार
- दासत्वबाट मुक्ति पाउने अधिकार
- श्रमिक संगठन खोल्न पाउने अधिकार
- हड्ताल गर्न पाउने अधिकार
- सम्पत्ती माथिको अधिकार
- समान कामको समान ज्याला पाउने अधिकार आदि

### घ) सामाजिक अधिकार

- उपयुक्त जीवनस्तरको अधिकार
- भोकबाट मुक्ति पाउने अधिकार
- सामाजिक सुरक्षा र परिवार प्रतिको दायित्वको अधिकार
- मातृत्व तथा प्रसुती सेवा पाउने अधिकार
- बालबालिकाको सुरक्षा पाउने अधिकार
- जातीय समानताको अधिकार
- लैगिंक समानताको अधिकार